लो-घेकर दामोदरकुण्ड गाउँपालिकाद्वारा प्रकाशित

# लो-घेकर दामोदरकुण्ड राजपत्र

खण्ड : (५) चराङ, मुस्ताङ, असार १० गते, २०८२ साल (संख्या :१ )

भाग २

लो-घेकर दामोदरकुण्ड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम लो-घेकर दामोदरकुण्ड गाउँसभाले यो कार्यविधि बनाएको छ,

## संचार खर्च सम्बन्धी कार्यविधी २०८२

**प्रस्तावनाः** विनियोजन ऐन २०८२ दफा (३) को (१) खर्च गर्ने अधिकारलाई व्यवस्थित गर्न लो-घेकर दामोदरकुण्ड गाउँ कार्यपालिकाले गाउँपालिकाको “संचार खर्च संञ्चालन कार्यविधि २०८२” बनाएको छ ।

**१.सक्षीप्त नाम र प्रारम्भः**

क) कार्यबिधिको नामः लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको “सञ्चार खर्च सञ्चालन कार्यविधि २०८२” रहेको छ ।

**२. परिभाषा र व्याख्याः**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) गाउँपालिका भन्नाले लो-घेकर दामोदरकुण्ड गाउँपालिकालाई सम्झनुपर्छ ।

ख) कार्यपालिका भन्नाले लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको गाउँ कार्यपालिका लाई सम्झनुपर्छ ।

ग) प्रमुख प्रशासकिय अधिकृत भन्नाले यस गाउँपालिकाको कार्यालय, प्रमुख प्रशासकिय अधिकृत लाई सम्झनुपर्छ ।

घ) कर्मचारी भन्नाले यस लो घेकर दामोदरकुण्ड गाँउपालिका अन्तर्गत स्थायी र करार कर्मचारी लाई समेत सम्झनुपर्छ ।

ङ) शाखा प्रमुख भन्नाले गाँउ कार्यापालिकाको कार्यालय, कार्यालयको कुनै शाखाको प्रमुख कर्मचारीलाई सम्झनुपर्छ ।

च) वडा सचिव भन्नाले गाउँपालिकाको वडामा कार्यरत कर्मचारी लाई सम्झनुपर्छ ।

छ) का।स भन्नाले गाउँकार्यपालिका कार्यालय र वडा कार्यालय मा कार्यरत कार्यलय सहयोगि लाई सम्झनुपर्छ ।

ज) हे।स।चा।रह।स।चा भन्नाले गाउँपालिकामा रहेका सवारी साधन एम्बुलेन्स र पालिकाको स्वामीत्वमा रहेका चार पांग्रे सवारी साधन चालक लाई सम्झनुपर्छ ।

**३. कार्यबिधि लागु हुने क्षेत्रः**

गाउँकार्यपालिको कार्यलयमा कार्यरत कर्मचारी, अन्तर्गत वडा कार्यालयहरुमा कार्यरत वडा सचिवहरु प्राविधिक कर्मचारीहरुलाई कार्य जिम्वेवारीका आधारमा औचित्य पुष्टिहुने गरी कार्यालय प्रयोजनका लागि संचार खर्च वापत मासिक रुपैया सम्बन्धित कर्मचारिको मोबाइल नंम्बरमा संञ्चालन खर्च प्रयोग हुने गरी मासीक रुपमा भुक्तानी गरिनेछ ।

**४. सञ्चार खर्च संचालनका लागि वितरण व्यवस्थाः**

| क्र.स | कार्यालय / शाखा | रकम (रुपैया) | कैफियत |
|---|---|---|---|
| १. | प्रमुख प्रशासकिय अधिकृत | २००० | |
| २. | कार्यालयका शाखा प्रमुख (अधिकृत स्तर) र अधिकृत स्तरको कर्मचारी | १००० | |
| ३. | गाउँकार्यपालिका को कार्यालयका शाखा प्रमुख | ८०० | |
| ४. | स्वास्थ्य चौकि / इकाइ प्रमुख | ५०० | |

| | | | |
|---|---|---|---|
| ५ | वडा सचिव | ७०० | |
| ६. | गाउँपालिकामा कार्यरत पाँचौ/ चौथो तह | ५०० | |
| ७ | हे.स.चा. / ह.स.चा. | २०० | |
| ९. | कार्यालय सहयोगि (गाउँकार्यपालिकाको कार्यालय र वडा कार्यालयका) | २०० | |

**५. विविधः**

क) मिति २०८२/०४/०१ गते देखिको सञ्चार सुविधा यसै कार्यविधि बमोजिम उपलब्ध गराइने छ ।

ख) भुक्तानी गर्ने सम्बन्धि व्यवस्थाः

भुक्तानि गर्दा सम्बन्धित कर्मचारी को खातामा जम्मा गरिनेछ र कर्मचारि बिदामा बसेको बेला संचार सुबिधा बापतको रकम भुक्तानी गरीने छैन ।

६. कार्यविधिको संसोधन र व्याख्या र अनुचित थपघटः

यस कार्यविधि को आवश्यक व्याख्या संसोधन तथा अनुसुचि थपघट गाउँ कार्यपालिकाको निर्णयले गर्नेछ।

**आज्ञाले,**

**नाम : सरोज उपाध्याय**

**प्रमुख प्रशासकीय अधिकृत**

**मिति :२०८२/०३/१० गते**